अल्लाहको नजरमा सबैभन्दा प्रिय शब्दहरू चार हुन्: सुब्हानल्लाह (अल्लाह पवित्र हुनुहुन्छ), अल-हम्दु लिल्लाह (सम्पूर्ण प्रशंसाहरू अल्लाहका लागि हुन्), ला इलाहा इल्लल्लाह (अल्लाह बाहेक कोही सत्य ईश्वर छैन) र अल्लाहु अकबर (अल्लाह सर्वोच्च हुनुहुन्छ) ।" यी चारमध्ये तिमीले जुनसुकै बाटसुरु गरे हुन्छ ।

समुरह बिन जुन्दब (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "अल्लाहको नजरमा सबैभन्दा प्रिय शब्दहरू चार हुन्: सुब्हानल्लाह (अल्लाह पवित्र हुनुहुन्छ), अल-हम्दु लिल्लाह (सम्पूर्ण प्रशंसाहरू अल्लाहका लागि हुन्), ला इलाहा इल्लल्लाह (अल्लाह बाहेक कोही सत्य ईश्वर छैन) र
अल्लाहु अकबर (अल्लाह सर्वोच्च हुनुहुन्छ) ।" यी चारमध्ये तिमीले जुनसुकै बाटसुरु
गरे हुन्छ ।"
[सही] [मुस्लिमले वर्णन गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) भन्नुहुन्छ, अल्लाहको नजरमा सबैभन्दा प्रिय शब्दहरू चार हुन्: सुब्हानल्लाह : यसको अर्थ अल्लाहलाई हरेक दोष रहित र कमीबाट मुक्त घोषणा गर्नु हो । अल-हम्दुलिल्लाह: प्रेम र महिमा सहित अल्लाहको पूर्णताको वर्णन गर्नु हो । ला इलाहा इल्लल्लाह: अल्लाह बाहेक कोही सत्य ईश्वर छैन । अल्लाहु अकबर: अल्लाह सबै भन्दा शक्तिशाली, महान र सम्मानजनक हुनुहुन्छ । पुण्य र इनाम प्राप्तिका लागि तिनीहरूलाई बोल्दा क्रम कायम राख्न आवश्यक छैन ।

http://www.sunnah.global/hadeeth/ne/show/5475